मोहन पौडेल
कार्यकारी अधिकृत

# तिलोत्तमा नगरपालिका कार्यालय

शंकरपुर, रुपन्देही

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

**सूचना नं. ०३/०७३/०७४(निर्माण)**

**प्रथम पटक प्रकाशित मिति २०७३।११।०५**

यस नगरपालिकाबाट चालु आ. ब.०७३/०७४ का लागि स्विकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्य सिलबन्दी दरभाउप द्धारा गराउनुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक निर्माण ब्यबसायीहरुबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सुचना प्रकाशित गरीएको छ ।

<u>शर्तहरु</u> :-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ निर्माण ब्यबसायीले कम्पनी संचालकको नागरीकताको प्रतिलिपी, ब्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले १५ (पन्ध्रौ ) दिन कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., योजनाको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौ ) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्र सोही दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्ने कार्य गर्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ ।

३. सिलबन्दी दरभाउपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक भैरहवा स्थित धरौटी खाता नं ०४१४६०१०१४५५२०२८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।

४. दरभाउपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्नेछ ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

६. दरभाउपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. दरभाउपत्र दर्ता गर्नु अगावै सम्बन्धित ब्यबसायीहरुबाट साइट निरिक्षण गरी आबश्यक जानकारी लिन सकिने छ ।

८. दरभाउपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।

<u>तपसिल</u>

| सि. नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र/ बोलपत्र दस्तुर | किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०३ /०७३/०७४ | कालोपत्रे मर्मत न्यूलाइट लाइन सडक | ५,१६,१०२।८० | १५,००० | ३०० | दरभाउपत्र |
| २ | ०४ /०७३/०७४ | कालोपत्रे मर्मत पत्थरडाडा तिनाउ सडक | ५,५९,८२२।९१ | १७,००० | ३०० | दरभाउपत्र |
| ३ | ०५ /०७३/०७४ | कालोपत्रे मर्मत कोटीहवा सिक्टहन सडक | ६,०२,८२४।३९ | १८,००० | ३०० | दरभाउपत्र |
| ४ | ०६ /०७३/०७४ | कालोपत्रे मर्मत सरस्वती पथ सडक | ५,१६,७७६।१४ | १५,००० | ३०० | दरभाउपत्र |
| ५ | ०७ /०७३/०७४ | कालोपत्रे मर्मत डाइभरटोल शिवपुरसडक | ६,८८,४८७।२१ | २०,००० | ३०० | दरभाउपत्र |
| ६ | ०८ /०७३/०७४ | कालोपत्रे मर्मत भलवारी पूर्ब मायादेबी सडक | ६,४६,०५९।३३ | २०,००० | ३०० | दरभाउपत्र |
| ७ | ११ /०७३/०७४ | कालोपत्रे मर्मत जोगीकुटी तपाहा सडक | ६,४६,०५९।३३ | २०,००० | ३०० | दरभाउपत्र |
| ८ | १२ /०७३/०७४ | कालोपत्रे मर्मत शारदा स्कुलचोकदेखि दक्षीण तपाहा लाइन सडक | ४,३०,७१२।०४ | १३,००० | ३०० | दरभाउपत्र |

मोहन पौडेल
कार्यकारी अधिकृत